प.लि.नं. ३४०/०५२/०५३

# नेशनल हाईड्रो पावर कम्पनी लि.

# National Hydro Power Company Ltd.

च. नं. २५२।०७८।०७९

मिति २०७९/०१/१६

श्री नेपाल स्टक एक्सचेज ली.
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

बिषय : प्रतिबेदन सहितको बिबरण पठाएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नेशनल हाइड्रो पावर कम्पनी लि. को आर्थिक बर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी प्रतिबेदन मिति २०७९।०१।१६ गते आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित भएको हुनाले उक्त पत्रिकाको प्रतिलिपी यसै साथ राखि जानकारीको लागि पठाएको व्यहोरा अनुरोध छ ।

भबदिय,

सन्जीब कुमार लामा
कम्पनी सचिब

# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.
बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

## Unaudited Balance sheet (Quaterly)

As on 30th Chaitra, 2078

| Particulars | This Quarter ending as on 30th Chaitra, 2078 | Previous Quarter ending as on 30th Poush, 2078 | Corresponding Previous Quarter ending as on 31st Chaitra, 2077 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 1,974,077,711 | 1,905,736,557 | 1,864,677,324 |
| Less: Accumulated Depreciation | 974,357,048 | 961,561,257 | 923,170,333 |
| **Net Block** | **999,720,664** | **944,175,300** | **941,506,991** |
| **Project Work In Progress** | | | |
| Lower Indrawati 4.5 MW | 26,886,249 | 9,265,693 | - |
| Investments | 450,030,500 | 449,925,100 | 99,925,100 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 448,757,054 | 415,807,480 | 91,464,361 |
| Sundry Debtors | 18,818,987 | 15,109,590 | 9,023,936 |
| Cash & Cash Equivalent | 1,999,096 | 735,102 | 25,907,230 |
| | **1,946,212,550** | **1,835,018,265** | **1,167,827,618** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 1,642,516,944 | 1,385,911,200 | 1,385,911,200 |
| Reserve and Surplus | 34,465,498 | 260,869,694 | (332,974,005) |
| **Non-Current Liabilities** | | | |
| Loans | 156,767,297 | 158,379,932 | 77,493,849 |
| **Current Liabilities** | | | |
| Short term Borrowings | 34,299,476 | 10,442,834 | - |
| Sundry Creditors & Other Payables | 65,512,851 | 14,107,852 | 27,807,187 |
| Provisions | 12,650,484 | 5,306,752 | 9,589,387 |
| | **1,946,212,550** | **1,835,018,265** | **1,167,827,618** |

### Unaudited Income Statement (Quaterly)
**For the period from 1st Magh 2078 to 30th Chaitra, 2078**

| Particulars | This Quarter FY 2078-79 | Previous Quarter FY 2078-79 | Corresponding Quarter FY 2077-78 |
|---|---|---|---|
| Revenue | 36,160,132 | 55,513,743 | 28,414,600 |
| Less: Direct Expenses | 10,537,385 | 19,808,187 | 16,750,841 |
| **Gross Profit** | **25,622,746** | **35,705,556** | **11,663,759** |
| Administrative Expenses | 8,947,572 | 5,198,924 | 4,802,608 |
| **Profit from Operation** | **16,675,174** | **30,506,632** | **6,861,151** |
| **Less:** | | | |
| Financial Expenses | 5,009,370 | 6,134,547 | 973,514 |
| Depreciation | 12,649,710 | 13,256,657 | 12,878,111 |
| **Add:** | | | |
| Other Income | 43,790,600 | - | 944 |
| **Profit Before Tax** | **42,806,694** | **11,115,428** | **(6,989,531)** |
| Provision Write Back | | - | - |
| Provision for Tax | 9,642,237 | 2,566,171 | (228,988) |
| Provision For CSR | 442,076 | - | (67,605) |
| **Net Profit after Tax** | **32,722,381** | **8,549,257** | **(6,692,937)** |
| **Balance transferred to Balance Sheet** | **32,722,381** | **8,549,257** | **t6,692,937** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated, regrouped whereever necessary which might vary from previous quarter published figure.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसूची १४

## आ.व. २०७८/०७९ तेश्रो (चैत्र मसान्त) त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण:**

(क) आ.ब. २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू :

प्रति शेयर आम्दानी रु. ३.१५ (वार्षिकीकरण), प्रति शेयर नेटवर्थ रु. १०२.१०

प्रति शेयर कूल सम्पत्तिको मूल्य रु. ११८.४९, मूल्य आम्दानी अनुपात (PE Ratio):- ८४.०३

**२. व्यस्थापकीय विष्लेशण:**

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

**(क) तल्लो इन्द्रावतीको अध्ययन तथा सुरुङ्ग पुन: निर्माण**

तल्लो इन्द्रावती जलविद्युत आयोजन (४.५ मेगावाट) को सर्वेक्षण अनुमति पत्र प्राप्त भए पश्चात सो आयोजनाको प्राविधिक तथा वातावारणीय अध्ययनको लागि परामर्शदाता नियुक्त भइ अध्ययन भइरहेको छ। तल्लो इन्द्रावती जलविद्युत आयोजनको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरुको पुन: निर्माण कार्य चालु छ।

**(ख) दैवी प्रकोप (कावु बाहिर) को असर**

गत आषाढ तथा श्रावण महिनाहरूमा मेलम्ची तथा इन्द्रावती नदीहरूमा आएको बाढी पहिराको कारणले इन्द्रावती ३ जल विद्युत आयोजनाका संरचनाहरूमा भएको क्षति बापत बीमाबाट निश्चित प्राप्त हुने रु.४,३७,९०,६०० लाई अन्य आम्दानीमा जनाइएको छ।

**(ग) सुनकोशि हाइड्रोपावर कं.लि.को प्राप्ति**

सुनकोशी हाइड्रो पावर कम्पनी लि.लाई प्राप्त/ग्रहण गर्नको लागि यस कम्पनीको २५औं साधारणसभाले स्वीकृति दिएको छ। सो काम हाल प्रकृयामा रहेको छ।

**(घ) साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने**

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१०० प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००

(calls in arrears) देखिँदै आएको छ। सो calls in arrears को हिसाब मिलान गर्नको लागि उक्त २२,४७० कित्ता शेयरको व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस कम्पनीले उच्च अदालत पाटनमा जितेका मुद्दाहरू उपर विपक्षीले सर्वोच्चमा पुनरावेदन दर्ता गरी मुद्दा चलिरहेको छ।

(ख) यस कम्पनीले काठमाडौं जिल्ला अदालतमा दायर गरेको मुद्दा मात्र विचाराधिन अवस्थामा रहेको छ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण :**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु.४४८.५० | कुल कारोबार दिन | ५८ |
| न्यूनतम मूल्य | रु.२५५.८० | कुल कारोबार संख्या | ६८,९१४ |
| चैत्र मसान्तको अन्तिम मूल्य | रु.२६४.८० | कुल कारोबार शेयर संख्या | १,५०,६४,६२६ |

**५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू :**

यस कम्पनीको लगानी रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी प्रा.लि. १४.१५ मेगावाट, (भोजपुर) आयोजनामा बंकर लगायतको निर्माण कार्य सम्पन्न भई नेपाली सेना आयोजना स्थलमा गई सकेको हुनाले विष्फोटक पदार्थ आयोजना स्थलमा पुऱ्याई, करिब १४०० मिटर सुरुङ्ग उत्खनन् भई सकेको छ। त्यसैगरी अन्य सिभिल संरचना निर्माणको काम शुरु भइसकेको छ। विद्युतीय मेसिन तथा उपकरणहरू तथा हाइड्रोमेकानिकल उपकरणको टेन्डर सम्पन्न भई ठेक्का सम्झौता सम्पन्न भइसकेको जानकारी गराउँछौं। यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एसबिआई बैंक लि. र ज्योति बिकास बैंक लि.सँग ऋण सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत हुन थालिसकेको छ।

**६. कम्पनीको पूँजी वृद्धि**

२५औं वार्षिक साधारणसभाले निर्णय गरे अनुसार बोनस शेयर र कर प्रयोजनाको लागि दिइएको नगद लाभांस गरी यस कम्पनीको चुक्ता पूजी रु.१,६४,२५,१६,९४३।५५ (अक्षरेपी एक अर्ब चौसठी करोड पच्चिस लाख सोह्र हजार नौ सय त्रिचालिस र पैसा पचपन्न) कायम गरी सो लाई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गराइसकिएको छ ।

**७. सञ्चालक समितिमि भएको हेरफेर**

यस कम्पनीको तत्कालिन सञ्चालक समितिको पदावधि समाप्त भएको हुनाले कम्पनीको २५औं साधारणसभाले ७ जनाको नयाँ सञ्चालक समिति सर्वसम्मत निर्वाचित गरेको छ।

**८. हकप्रद शेयर जारी गर्ने**

कम्पनीको २५औं साधारणसभाले बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी को ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गरेको छ।

**९. संस्थागत सुशासन :**

संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ।

**१०. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणा :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।